# नेपाल राजपत्र

## भाग ३

**श्री ५ को सरकारद्वारा प्रकाशित**

**काठमाडौं, जेठ ३ गते २०३४ साल**

श्री ५ को सरकार

### खाद्य, कृषि तथा सिंचाइ मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने जिल्ला कार्यालय कृषि शाखा डोटीमा भवन निर्माणको लागि सेती अञ्चल, डोटी जिल्ला, सिलगढी गाउँ पञ्चायत वार्ड नं. ६ मा पर्ने वार्ड नं. ७ को बलवीर दमाईको जग्गा र ठाडो बाटोदेखि पूर्व, चेत–बहादुर र उत्तरकुमारको जग्गादेखि पश्चिम, कर्णबहादुर र शैलेश्वरी गुठीको जग्गादेखि दक्षिण, रामबहादुर, उत्तरकुमार र बलवीर सुनार जोगी सुनारको जग्गादेखि उत्तर, यति ४ किल्लाभित्रको निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

१. डोटी माल कार्यालयको ४२ सालको मोठमा दर्ता भएको मा. वि. मध्ये मु. चेत–बहादुरको नाउँमा दर्ता भएको तिरो विजन । । ।४ को तिरो रू. ।६ (छ पैसा) लागेको माटो मुरी ।९।१९।२ (नौ मुरी उन्नाईस पाथी दुई माना) को खला– –१

२. डोटी माल कार्यालयमा १९७३ सालको मोठमा दर्ता भएको मा. वि. मध्ये सीताराम बोहराको नाउँमा दर्ता भएको तिरो विजन । । । ५ को तिरो रू. ।६ (छ पैसा) लागेको माटो मुरी । ४।१।२ (चार मुरी एक पाथी दुई माना) को खला– – –१

आज्ञाले–
दीर्घराज कोइराला
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

905

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११०